का.जि.प्र.का.द.नं. १००/०५९/६०

१० असोज २०८१,
बिहीबार
26 September, 2024
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक २२६ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com



*जितिया महोत्सवका अवसरमा सुनसरीको बराहक्षेत्र नगरपालिकामा बुधवार थारु पहिरनमा सजिएका महिला । तस्बिरः संगीता राई/रासस*

## आन्दोलनमा कानून व्यावसायी

संविधानिक व्यवस्था विपरीत नयाँ न्यायाधीश नियुक्त गर्न लागिएको भन्दै कानून व्यावसायीहरु आन्दोलित भएका हुन् ।



नेपाल बार एशोसिएसनले लगातार विरोधका कार्यक्रम गरिरहन्छ । विरोधका बाबजुद न्यायाधीश नियुक्त गरिए ती न्यायाधीशहरुको बहिष्कारको कार्यक्रम पनि ल्याउन सक्छौं ।

**गोपालकृष्ण घिमिरे**
**अध्यक्ष, नेपाल बार एशोसिएसन**

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ९ असोज ।

कानून व्यावसायीहरू आन्दोलित भएका छन् । संविधानिक व्यवस्था विपरीत न्याय परिषदबाट नयाँ न्यायाधीश नियुक्त गर्न लागिएको भन्दै कानून व्यावसायीहरू आन्दोलित भएका हुन् ।

न्याय परिषदले न्याय परिषद् नियामावलीमा टेकेर नयाँ न्यायाधीश नियुक्त गर्ने तयारी गरेको छ । त्यसको विरोधमा नेपाल बार एशोसिएसनले बुधवार पनि विरोध प्रदर्शन गर्दै आएको छ । बिहीबार पनि खबरदारी सभा राखेको छ ।

नेपाल बार एसोसिएसनको कार्यालयमा बुधबार पनि कानुन व्यवसायीहरूले विरोध कार्यक्रम गरेका थिए । न्याय परिषदले न्यायाधीश नियुक्तिको सिफारिसका लागि बैठक बोलाउने निर्णय गरेको भन्दै उनीहरू विरोधमा बाध्य भएर खबरदारी सभा लगायतका विरोधको कार्यक्रमलाई निरन्तरता दिइएको बताउँछन् ।

नेपाल बारका अध्यक्ष वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरेका अनुसार सेवा निवृत हुनै लागेका प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले संविधानका व्यवस्था विपरीतको न्याय परिषद नियामावलीमा टेकेर नयाँ न्यायाधीश नियुक्त गर्न लागिएकोले विरोध गरेको हो ।

न्याय परिषद् नियमावलीका सम्बन्धमा देखिएका समस्या समाधान गर्न यसअघि कार्यदल समेत गठन गरिएको थियो । उक्त कार्यदलको सुझाव समेतलाई ख्याल नगरेर अगाडि बढ्न खोजेकोले विरोध गर्नुपरेको कानून व्यावसायीहरू बताउँछन् ।

विज्ञप्ती नै निकालेर बारले विरोध जनाएको छ ।

'न्याय परिषद्को गैर संवैधानिक नियमावलीको विरोधमा नेपाल बार एसोसिएसनले एक वर्षदेखि जुन कुरा गऱ्यो संविधानको धारा १४१ को (१) र (३) को विपरीत हुनेगरी नियमावली संशोधन गरियो । त्यसको विरोधमा नेपाल बार एसोसिएसनले वर्ष दिनदेखि भन्दा पनि नसुनेपछि हामी बाध्य भएर न्याय परिषद् मिटिङको दिन धर्नामा रहन परेको हो' विज्ञप्तीमा भनिएको छ ।

बार एशोसिएसनले सर्वोच्च अदालतको बार बेञ्च समन्वय समितिको बैठकमा भएको सहमतिअनुसार न्यायपरिषद् नियमावलीमा भएको संशोधनका विषयमा समाधान निकाल्नुपर्नेमा बेवास्ता भएको पृष्ठ २ मा

## संकटमा परेपछि पुरानैको साहरा !



कांग्रेस, एमाले, माओवादी केन्द्रलगायत दललाई पुरानाको संज्ञा दिँदै विकल्प शक्ति बन्ने उद्धेश्य बोकेको पार्टी हो- राष्ट्रिय स्वतन्त्र पार्टी । तर सहकारी रकम अपचलनमा पार्टी सभापति रवि लामिछाने दोषी देखिँदा पुरानै दलको साथ लिन खोज्दैछन्, रास्वपाका नेताहरू ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ असोज ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले सहकारीको रकम अपचलन सम्बन्धी संसदीय विशेष समितिको प्रतिवेदन कार्यान्वयनको सम्बन्धमा विपक्षमा रहेका राजनीतिक दलहरूको एकै मत बनाउने प्रस्ताव गरेको छ । यसका लागि रास्वपाका सभापति रवि लामिछानेले नै पहल लिएका छन् ।

नेताहरूका अनुसार रास्वपा सभापति लामिछानेले प्रमुख प्रतिपक्षी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग भेटेका छन् । उनले एकीकृत समाजवादीका नेताहरूसँग समेत संवाद गरेका छन् । त्यसआधारमा उनले बुधबार फेसबुकमार्फत् आफ्ना विषय सार्वजनिक गरेका थिए ।

माओवादी नेताहरू ईस्यूका आधारमा प्रतिपक्षमा रहेका दलहरूबीच सहकार्य हुने बताउँछन् । तर रास्वपाका नेताहरु प्रतिपक्षमा रहेका दलहरूको साथ पाउने विश्वासमा छन् । यही सन्देश रास्वपाभित्र प्रवाह भएको देखिन्छ ।


रास्वपाको सचिबालय बैठक नियमितजसो बसिरहेको छ । अनुकुलतामा बसिरहेको बैठकमा सभापति लामिछानेले अन्य दलहरूसँग संवाद र मोर्चाबन्दीको विषयलाई रिर्पोटिङ गर्ने गरेका छन् ।

रास्वपा, नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र लगायत राजनीतिक दललाई पूरा दलको संज्ञा दिँदै विकल्प दिने भनेर उदाएको दल हो । तर सभापति नै अनुसन्धानमा तानिने भएपछि पूरानै दलको साथ लिएर राजनीतिक रुपमा जित्ने प्रयासमा रास्वपाका नेताहरू देखिन्छन् ।

सहकारीको रकम अपचलनको सम्बन्धमा सरकारले आफूमाथि अनुसन्धान गर्न खोजेपछि रास्वपाका सभापति लामिछाने प्रतिपक्षमा रहेका दलहरू र सत्तारुढ दलकै नेताहरूको साथ खोजेका हुन् ।

माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड रास्वपासँग दुरीमा रहने नीतिमा छन् । प्रचण्डले आफ्नै नेतृत्वको सरकार हुँदा अगाडि बढाएका नक्कली भुटानी शरणार्थी प्रकरण, गिरीबन्धु टी स्टेट प्रकरणसहितका सुशासनका विषयमा सरकारलाई पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष



## अभिमुखीकरण तालिममा असोज १३ देखि आइरिस प्रणाली लागू

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ असोज

वैदेशिक रोजगार विभागले अर्को हप्तादेखि वैदेशिक रोजगार अभिमुखीकरण तालिममा आइरिस प्रणाली लागू गर्ने भएको छ । विभागले असोज ८ गते निर्णय गरिसकेको भन्दै आगामी असोज १३ गतेदेखि फेसटाइम एटेण्डेन्ट, आँखाको रेटिना रेकर्ड गर्ने आइरिस रेकग्निसन सिष्टम र देशगत कलष्टर लागू गरिने जनाएको छ ।

उक्त निर्णय लागू गराउने बारेमा मन्त्रीस्तरमा गत साउन २९ गते नै निर्णय भएपनि व्यवसायीले तयारी नपुगेको भन्दै समय माग गरेका थिए । विभागले सबै अभिमुखीकरण तालिम प्रदायक संस्थालाई पत्र लेख्दै सबै तयारी पूरा भएको बताएको छ ।

केही अभिमुखीकरण संस्थाले वैदेशिक रोजगारमा जाने व्यक्तिलाई कक्षामा उपस्थिति नै नगराउने गुनासो बढेपछि मन्त्रालयले आइरिस रेटिनाको व्यवस्था गरेको हो । आइरिसको ढाँचा र रेटिनाको रक्त नली, प्रत्येक व्यक्तिमा भिन्न र अनौठो हुन्छन् । त्यसले वैदेशिक रोजगारमा जाने वास्तविक उम्मेदवारलाई तालिममा उपस्थित हुन बाध्य बनाउने छ ।

रेटिनामा भएको रक्त नलीको छुट्टै अनौठो ढाँचा हुने र त्यसले व्यक्तिको वास्तविक पहिचान दिने बताइएको छ । फिंगरप्रिन्ट र आइरिस स्क्यानर, बायोमेट्रिक प्रविधि द्रुत गतिमा अगाडि बढेका विश्वसनीय प्रविधि मानिन्छन् । विगतमा लागू भएका प्रणालीमा केही व्यवसायी र कर्मचारी मिलेर प्वाल पारेर छोटो समयमा बेकामे बनाउने गरेको अवस्था आँखाको रेटिना रेकर्ड गर्ने आइरिस रेकग्निसन सिष्टमले कति काम गर्ला ? केहीले शुरूवातमै प्रश्न उठाउन थालेका छन् ।

### अध्यागमनमा गृहमन्त्रीको आकस्मिक छड्के

**काठमाडौं/मस–** गृहमन्त्री रमेश लेखकले अध्यागमन कार्यालयले आफ्नो छवि सुधार गर्न आवश्यक रहेको बताएका छन् । तस्करी, घुस, भ्रष्टाचार र सेटिङका कारणले अध्यागमन कार्यालय बद्नाम भइरहेको बेला गृहमन्त्री लेखकले त्यस्ता गतिविधि तत्काल राकिनुपर्ने बताए ।

गृहमन्त्री लेखकले बुधबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयको आकस्मिक छड्केकारुपमा स्थलगत निरीक्षण गरेका थिए । विगतमा अध्यागमन कर्मचारीले विदेश जाने वा फर्केका यात्रुका लगेज च्यातेर सामान निकाल्ने, लगेज गायब पार्ने, खासगरी वैदेशिक रोजगारीमा जाने दुरदराजका युवायुवतीलाई अपमान गर्ने, बिना कारण उभ्याउने र मानसिकरुपमै तनाव दिने गरेको सार्वजनिक हुने गरेको थियो ।

गृहमन्त्री लेखकले त्यस प्रकारका व्यवहारले अध्यागमन कार्यालयका बारेमा नागरिकमा असन्तुष्टि रहेको उल्लेख गर्दै अब कुनै पनि किसिमका अवाञ्छनीय गतिविधि स्वीकार्य नहुने बताए । गृहमन्त्री लेखकले रूखो स्वभाव परिवर्तन गरेर अध्यागमनका कर्मचारीहरूले आफ्नो व्यवहार नरम र सेवामुखी बनाउन जरुरी रहेको भनाइ राखेका थिए ।

विमानस्थलमा कार्यरत विभिन्न सरकारी निकायका कर्मचारी यतिसम्म कि गृह मन्त्रालय अन्तर्गतकै अध्यागमन विभाग र नेपाल पृष्ठ २ मा

## निजी क्षेत्रलाई अख्तियारको दायरामा नल्याइने !

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, ९ असोज ।

निजी क्षेत्रलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको दायरामा नल्याइने भएको छ । प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिले गठन गरेको भ्रष्टाचार निवारण सम्बन्धी ऐनमा सहमति जुटाउन गठन गरेको संसदीय उपसमितिमा निजी क्षेत्रलाई अख्तियारको दायरामा नल्याउने समझदारी जुटेको हो ।

गत भदौ २७ गते बसेको समितिले उपसमिति गठन गरेको थियो । उपसमितिमा नेपाली कांग्रेसबाट हृदयराम थानी, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट बुद्धिमान तामाङ, नेकपा एमालेबाट रघुजी पन्त, नेकपा माओवादी केन्द्रबाट हितराज पाण्डे, जसपाबाट अशोक राई, एकीकृत समाजवादीबाट राजेन्द्र पाण्डे, रास्वपाबाट चन्दा कार्की र लोसपाबाट सर्वेन्द्रनाथ शुक्ल



पनि उपसमिति सदस्य छन् । उपसमितिले अनौपचारिक रुपमा निजी क्षेत्रलाई अख्तियारको दायरामा नराख्ने सहमति जुटाएको हो ।

२०७९ चैतमा राष्ट्रिय सभाबाट पारित भएर प्रतिनिधि सभामा आएको भ्रष्टाचार निवारण ऐन संशोधन सम्बन्धी विधेयकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार विस्तार गरेर निजी क्षेत्रमा अनुसन्धान गर्न पाउने व्यवस्था पृष्ठ २ मा

*२०७९ चैतमा राष्ट्रिय सभाबाट पारित भएर प्रतिनिधि सभामा पुगेको भ्रष्टाचार निवारण ऐन संशोधन विधेयकमा अख्तियारको क्षेत्राधिकारमा निजी क्षेत्र रहने व्यवस्था प्रस्तावित छ । निजी क्षेत्रले समेत यो विषयमा चासो राख्दै आएको छ ।*

मध्यान्ह
www.madhyanhadaily.com
१० असोज २०८१, बिहीबार
26 September 2024, Thursday

# बुटवल उपमहानगरपालिकामा सरसफाइ अभियान शुरु

**सरु भुसाल / मध्यान्ह**
बुटवल, ९ असोज

बुटवल उपमहानगरपालिकाले सरसफाइ अभियान शुरु गरेको छ । चाडपर्वलाई लक्षित गरेर बुटवलले बसपार्क, मुख्य सडकहरु र सार्वजनिक स्थलहरु सरसफाइ अभियान शुरु गरेको हो । अभियानको शुरुवात गर्दै बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले यो अभियानलाई नियमित बनाइने बताए । उनले बुटवललाई सफा राख्नका लागि सबै क्षेत्रको साथ र सहयोग आवश्यक पर्ने बताए ।

उनले बुटवललाई सफा, सुन्दर र हरियाली शहरका रुपमा स्थापित गरी पर्यटकीय विश्रामस्थलको रुपमा विकास गर्न गत आर्थिक वर्षदेखि हरियाली र उज्यालो बुटवल अभियान शुरु गरिएको प्रमुख पाण्डेयले बताए ।

बुटवलको ऐतिहासिक, व्यापारिक, आर्थिक महत्वलाई जोगाउँदै पर्यटकीय विश्रामस्थलको रुपमा विकास गर्ने मुख्य लक्ष्यसहित सरसफाई तथा हरियाली अभियान र उज्यालो बुटवल अभियान सञ्चालन गरिएको नगरप्रमुख पाण्डेयले




बताए । अभियानलाई सफल बनाउन नगरवासी, टोल विकास संस्था, राजनीतिक दल, सामाजिक संघसंस्था तथा सरोकारवाला निकायहरूलाई साथमा लिएर अगाडि बढेको उनले बताए ।

अभियानमा सरिक हुन जनप्रतिनिधिहरूसँगै कर्मचारी, नगरवासी, नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी, ट्राफिक प्रहरी, सामाजिक संघसंस्थाहरु, राजनीतिक दल, स्वयंसेवी संस्थाहरूलाई आह्वान गरेको उपप्रमुख सावित्रादेवी अर्यालले बताइन् । उनले नगर सफा रहेमात्रै नागरिक स्वस्थ रहने भएकाले घरघरबाटै सहर सफा राख्ने अभियान नियमित हुनुपर्ने बताइन् ।

अभियान अन्तर्गत यही असोज ११ गते कालिका स्कुलदेखि बसपार्कसम्म, १८ गते बसपार्कदेखि ट्राफिक चोकसम्म, कात्तिक २ गते ट्राफिक चोकदेखि गोलपार्कसम्म, ९ गते गोलपार्कदेखि तल्लो सिद्धबाबा मन्दिरसम्म र कात्तिक २३ गते योगीकुटीदेखि कालिका स्कुलसम्म सरसफाइ गरिनेछ । यस्तै कात्तिक ३० गते कालिका स्कुलदेखि बसपार्कसम्म र भित्रि सडक, वडा क्षेत्र र सार्वजनिक स्थलहरुमा नियमित सरसफाइ गर्ने कार्यक्रम रहेको प्रमुख प्रशासकीय अधिकृत मित्रमणी खनालले जानकारी दिए ।

# 'कांग्रेसलाई कुनैपनि शक्तिले सिध्याउन सक्दैन'

**आबिद हुसेन / मध्यान्ह**
वीरगन्ज, ९ असोज

संघीय मामिला तथा कानून मन्त्री अजय चौरसियाले नेपालबाट कुनैपनि शक्तिले कांग्रेस पार्टीलाई सिध्याउन नसक्ने बताएका छन् । वीरगञ्जमा नवनिर्मित कांग्रेस पर्साको पार्टी कार्यालयको उद्घाटन कार्यक्रममा बोल्दै कांग्रेस केन्द्रीय सदस्य समेत रहेका चौरसियाले यस्तो बताएका हुन् ।

कांग्रेस र लोकतन्त्रमाथि पटक-पटक आक्रमण भएको भन्दै उनले भने,'कांग्रेस शहीदहरुको शहादत र आन्दोलनको जगबाट बनेको पार्टी हो । त्यसैले कसैले पनि सिध्याउन सक्दैन । कांग्रेसमाथि जति पटक आक्रमण हुन्छ, त्यति नै अझ बलियो र सशक्त भएर जान्छ ।' कांग्रेस पार्टी लोकतन्त्र स्थापनाका लागि ५० औं वर्ष संघर्ष गरेको पार्टी रहेको भन्दै उनले हरेक राजनीतिक परिवर्तन कांग्रेसकै नेतृत्वमा भएको बताए ।

उनले भने,'हामी एक भएर गयौ, मधेश प्रदेशमा पनि कांग्रेसको नेतृत्वमा सरकार बन्छ । हामी एक भयौ भने कांग्रेस आउने दिनमा अझ सशक्त र स्थापित भएर जाने निश्चित छ ।' त्यसकारण सबै नेता कार्यकर्ताले आपसी तितामिठा कुरालाई बिर्सिएर एक भएर अगाडि बढ्नुपर्नेमा उनले जोड दिए । कानूनमन्त्री चौरसियाले वीरगञ्जमा सुविधा सम्पन्न पार्टी कार्यालयको निर्माण गरेर कांग्रेस पर्साले ऐतिहासिक काम गरेको बताए । उनले भने,'पर्सामा कांग्रेसले गरेका धेरै कामहरुमध्ये सबैभन्दा राम्रो काम यो नै हो ।'

नेपाली कांग्रेस पर्साका सभापति तथा मधेस सरकारका कृषि जनार्दन सिंह क्षेत्रीको अध्यक्षता तथा कांग्रेस पर्साका सभापति शेरबहादुर देउवाको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा कांग्रेसका सहमहामन्त्री फरमुल्लाह मन्सुर, केन्द्रीय सदस्य तथा पूर्व उद्योगमन्त्री रमेश रिजाल,केन्द्रीय सदस्यहरु आनन्द ढुंगाना, अनिल रुंगटा, उमेशजंग रायमाझी,पूर्वमन्त्री सुरेन्द्र चौधरी, मधेश प्रदेशका पूर्वमन्त्री ओमप्रकाश शर्मा,प्रदेश सभा सदस्यहरु श्याम पटेल,शंकर चौधरी,नेता शोभाखर पराजुली, कांग्रेस मधेस प्रदेश सभापति कृष्ण यादव, महामन्त्री बृहस्पति कृष्ण श्रेष्ठ,कांग्रेस पर्साका उपसभापतिद्वय रामनारायण कुर्मी र अशोक गुप्ता,जिल्ला सचिवद्वय इम्तियाज आलम र दिनेश चौधरी लगायतकोपनि सहभागीता थियो ।

# आधारभूत विद्यालयका प्रअले बुझाए हिसाब किताब

**सत्येन्द्र प्रताप सिंह / मध्यान्ह**
रौटहट, ९ असोज

रौटहटको फतुवा विजयपुर नगरपालिका वडा नम्बर ३ मा रहेको श्री आधारभूत विद्यालय मेवामा अभिभावक भेला सम्पन्न भएको छ । वडाध्यक्ष रामेश्वर प्रसाद यादवको अध्यक्षतामा बसेको बैठकले आर्थिक कारोबार सम्बन्धी सामाजिक लेखा परीक्षण गर्न/गराउन सम्बन्धमा छलफल गरेको हो ।

छलफलको क्रममा दुई वटा प्रस्तावहरू आर्थिक वर्ष २०८०/०८१ को विद्यालयको आर्थिक कारोबारको सामाजिक लेखा परीक्षण र अन्य विषयमा छलफल भएको थियो । प्रस्तावमाथि छलफल गर्दा विद्यालयको आर्थिक कारोबार शिर्षक अनुसार निकासा



भइ आएको र सोको खर्च समेत शिर्षक अनुसार चुस्तदुरूस्त रहेको निर्णय सर्वसम्मतिबाट निर्णय गरिएको विद्यालयका प्रधानाध्यापक रामजन्म महतो कहारले जानकारी दिए ।

अभिभावकहरूले विद्यालयको हिसाब किताब दिन माग गरेपछि विद्यालयका प्रधानाध्यापक कहारले हिसाब किताब बुझाएका थिए ।

अभिभावक भेलामा पूर्व वडाध्यक्ष दिपनारायण साह,वडा सदस्य रमेश्वर प्रसाद साह,कामेश्वर पण्डित,अभिभावक सदस्य नरेन्द्र कुमार पण्डित,पूर्व वि.व्य.स.अध्यक्ष हेमचन्द्र प्रसाद यादव,विद्यालय व्यवस्थापन समितिका अभिभावक सदस्य रामएकवाल राय यादव, सुरक्षाकर्मी, पत्रकार र स्थानीयहरूको उपस्थिति रहेको थियो ।

# क्यानडाको अल्बर्टा प्रान्तको क्यालगरी शहरमा मनाइयो संविधान दिवस

**काठमाडौं / मस–** क्यानडाको अल्वर्टा प्रान्तको क्यालगरी शहरमा नेपालको संविधान जारी भएको सेप्टेम्बर १९ का दिन संविधान दिवस मनाइएको छ । इतिहासमै पहिलो पटक क्यालगरी महानगरपालिकाको प्रांगणमा नेपाली झण्डा फहराउँदै संविधान दिवस मनाइएको हो ।

अल्बर्टा नेपाल चेम्बर अफ कमर्सको मुख्य संयोजकत्व र स्थानीय सामुदायिक संस्थाहरु एनसीएससी, सीएनसीए एवम् गैरआवासिय नेपाली संघ क्यानडा समेत मुख्य आयोजक र क्यालगरीस्थित अन्य स्थानीय संस्थाहरु समेतको संयुक्त आयोजना र सहभागितामा उक्त कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा ज्येष्ठ नागरिकहरु, स्थानीय र प्रान्तीय सरकारका प्रतिनिधिहरु र नेपाली जन समुदायको उल्लेख्य उपस्थिति रहेको थियो । कार्यक्रममा नेपाली सांगितिक कार्यक्रम समेत प्रस्तुत गरिएको थियो । कार्यक्रममा आगन्तुकहरुलाई समारोह आयोजक समितिका अध्यक्ष ध्रुव राईले स्वागत गरेका थिए । चेम्बरका अध्यक्ष समीर पाण्डेले चेम्बरले सबैसँग समन्वय गरेर यो कार्यक्रम आयोजना गरेको र भविष्यमा पनि चेम्बरले समुदायमा समन्वय गरेर अगाडि बढ्ने बताए । एनसीएससीका अध्यक्ष प्रकाश बस्याल र सीएनसीएका तर्फबाट विनोद केसीले नेपाल दिवसको शुभकामना दिएका थिए ।

कार्यक्रममा गैरआवासीय नेपाली संघ क्यानडाका अध्यक्ष माधव दुलालले मन्तव्य राखेका थिए । चेम्बरका उपाध्यक्ष दिवस ढकालले नेपालको झण्डाको सांकेतिक महत्व र महिमाबारे प्रकाश पारेका थिए । कार्यक्रममा अल्बर्टा प्रान्तका इमिग्रेसन तथा मल्टीकल्चरल मन्त्री मोहम्मद यासीन, वडा नं ५ काउन्सीलर राज धालीवाल तथा अल्बर्टा सरकारका प्रतिनिधि ह्याप्पी मानले नेपाल दिवसको शुभकामना दिएका थिए । कार्यक्रमको सञ्चालन एनसीएससीका सचिव तथा चेम्बरका सदस्य घनेन्द्र न्यौपानेले गरेका थिए ।

# एनआरएनए राष्ट्रिय समन्वय परिषद् बहराइनको साधारणसभा सम्पन्न

**बहराइन / मस–** गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् बहराइनले वार्षिक साधारण सभा सम्पन्न गरेको छ ।

बहराइनका लागि नेपालका महामहिम राजदूत तीर्थराज वाग्ले र संस्थाका अध्यक्ष राजु कुमार श्रेष्ठले पानसमा बत्ति बालेर कार्यक्रमको उद्घाटन गरेका थिए ।




उक्त कार्यक्रममा वैदेशिक रोजगारी क्रममा विदेशमा रहि श्रमिकहरुको हक हित तथा उत्थानमा उल्लेखनीय योगदान पुर्‍याउनु हुने एनआरएनए मध्यपूर्व संयोजक राजेन्द्र अर्याल तथा एनआरएनए अभियन्ता राजु सैयद र कलाकारिता क्षेत्रमा योगदान पुर्‍याउने आइएनएएस ग्लोबल प्रतिनिधि असीम महतलाई दोसल्ला ओढाइ विशेष सम्मान गरिएको थियो ।

# मोना कतारको समन्वयमा नेपाल फर्किए म्याग्दी राखुका केसी

**तिलु शर्मा पौडेल / मध्यान्ह**
दोहा कतार, ९ असोज

वैदेशिक रोजगारीका लागि कतार आएर दूर दराजमा अलेखबद्ध भएर काम गरी बसेका म्याग्दी रघुगंगा गाउँपालिका वडा नं २ राखु भगवतीका केदार केसी नेपाल फर्किएका छन् । करिब ४ साल पहिले कतार आएका केसी विगत २ सालदेखि अलेखबद्ध भएर बसेका थिए । केसी मोना कतारको सहयोग तथा समन्वयमा कतारको कानूनी प्रक्रिया पुरा गरी नेपाल फर्किएका हुन् ।

सेप्टेम्बर महिनाको पहिलो साता केसी मध्यान्हकर्मीको सम्पर्कमा आएका थिए । दोहा सहरदेखि करिब डेढ सय किलोमिटर टाढा रहेको एक मजारा (खेतीपाती गर्ने ठाउँ) मा लुकिछिपी काम गरेर बसेका उनको सहायताका लागि मोना कतारका अध्यक्ष राजु पौडेल, मोना



कतार बहुउद्देश्यीय अक्षयकोषका अध्यक्ष विक्रम कार्की र मध्यान्हकर्मी पुगेका थिए । रातको समयमा पुगेका मोनाका प्रतिनिधिहरूले उनलाई रोजगारी प्रदान गर्ने व्यक्तिले नेपाल फर्कन अनुमति दिए/नदिएको यकिन गरेपछि मात्र त्यहाँबाट लिएर आएका थिए । खेती किसानीको कामबाट निस्केर तीन वर्षमा सहर देखेका केसी खुसी देखिए । 'ओहो अब त घर गइन्छ जस्तो भयो नि' भन्दै यात्रामा गाडीभित्र आफ्ना खुसी साटे । आफ्नो घरको आर्थिक अवस्था अति न्यून भएका कारण मजदुरीले आफूले उक्त स्थानमा काम गरेको बताए ।

'चिने जानेका एक जनाले लगेर छोड्दिए त्यही काम गरे समयसँगै धेरै दुःख गरे'उनले भने । मजारा छोडेर हिँड्ने बेला आफ्ना कतारी साहुले बाटो खर्च लैजा भनी ६ सय रियालसहित सबै तलब भुक्तानी दिएको बताइरहँदा उनको मुहारमा चमक देखिन्थ्यो ।

घरमा बाबाको खुट्टा फ्याक्चर भएको छ, आमाको मानसिक सन्तुलन बराबर छैन । भाइ मुस्ताङमा भेडी गोठमा छ, बहिनी घर बाहिर छ, केही समयका लागि' उनले लामो सुस्केरा हाल्दै भने बाउ आमा पो टुहुरा जस्ता भए अनि म नेपाल फर्कन लागेको हो, बस्न मन त अझै अलिक समय थियो, उनले नेपाल फर्कन परेको दुखको गाँठो खोले ।

मजराबाट आएपछि उनी मोना कतारका वरिष्ठ उपाध्यक्ष बाबुराम भण्डारीको निवासमा आश्रय लिए । विदेशबाट आएको भन्ने त हुन् पर्‍यो नि, मिठाइ चकलेट काजु किसमिस बोकेर जान्छु है, अक्षयकोषका अध्यक्ष कार्कीको अनुहारमा हेर्दै उनले आफ्ना साना-साना रहरको बिस्कुन लगाए ।

उनका साना-साना रहरको बिस्कुनलाई पूरा गर्दै वरिष्ठ उपाध्यक्ष भण्डारीले नेपाली नियोग लिएर गए । आवश्यक सर-सल्लाहपछि अपराध अनुसन्धान विभाग (सीआइडी)मार्फत नेपाल फर्किएर केसी आफ्नो जन्मगाउँ भगवती पुगेका छन् । गाउँ पुगेपछि उनले फोनमा कुरा गर्दै मोना कतार र आफ्नो दुःखको बेला साथ दिँदै नेपाल फर्कन सहजीकरण गर्ने सबैलाई आभार व्यक्त गरे । कतारमा रहेका म्याग्देलीलाई मोनामा आबद्ध हुन अध्यक्ष पौडेलले अनुरोध गरेका छन् । 'मोना गृह जिल्लादेखि विदेशसम्म दुःख सुखको साथी हो, कोही समस्यामा हुनु हुन्छ भने पनि सम्पर्क गर्न सक्नुहुनेछ' पौडेलले आग्रह गरे ।

### संकटमा...

खबरदारी गरिरहन रास्वपाको साथ लिने पक्षमा छन् । यसका लागि रास्वपासँग नजिक रहन चाहन्छन् ।

माओवादी नेताहरू सहकारी ठगीको विषयमा रास्वपालाई साथ दिन्छु भनेर भन्न नसकिने तर राजनीतिक रुपमा प्रतिसोध लिन खोजिए प्रतिरोधमा साथ दिन सकिने बताउँछन् । बाँकी विषयमा रास्वपामासँग मिलेर अगाडि बढ्न सकिने बताउँछन् ।

प्रतिनिधिसभामा ३२ सिट रहेको माओवादी केन्द्र तेस्रो र २१ सिट रहेको रास्वपा चौथो शक्ति हो । चौथो शक्तिको हिसाबले सत्तापक्षलाई दबाब बढाउन माओवादी केन्द्रले विषयको आधारमा रास्वपासँगको सहकार्यलाई प्राथमिकतामा राखेको छ ।

यी दुवै दल एकैपटक सत्ताबाट बाहिरिएका थिए । गत असार १७ गते मध्यराति कांग्रेस र एमालेबीच सरकार बनाउने गरी सहमति भएपछि एमालेले तत्कालीन पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो । तर, रास्वपाले प्रचण्डले विश्वासको मत नपाउने जान्दा जान्दै पनि विश्वासको मत दिएर साथ दिएको थियो ।

### आन्दोलनमा...

जनाएको छ । प्रेस विज्ञप्तिमा समन्वय समितिको बैठकमा भएको सहमतिअनुसार न्यायपरिषद् नियमावलीमा भएको संशोधनका सम्बन्धमा समाधान निकाल्नुपर्नेमा बेवास्ता गरेको उल्लेख गर्दै आन्दोलनका कार्यक्रम घोषणा गरेको हो ।

बारले उपत्यका बाहिरका बार एकाइले बार परिसर र उपत्यकास्थित बार एकाइमा आबद्ध सम्पूर्ण कानुन व्यवसायीलाई नेपाल बार एशोसिएसनको प्राङ्गणमा बिहीबार उपस्थित हुन भनेको छ । अध्यक्ष घिमिरेका अनुसार बारका मागहरूलाई बेवास्ता गरिए थप आन्दोलन गर्ने तयारी छ । भन्छन्, 'नेपाल बार एसोसिएसनले लगातार विरोधका कार्यक्रम गरिरहन्छ । विरोधका बाबजुत न्यायाधीश नियुक्त गरिए ती न्यायाधीशहरूको बहिष्कारको कार्यक्रम पनि ल्याउन सक्छौं ।'

### अध्यागमनमा...

प्रहरीको बीचमा शक्तिको टसल रहेको सार्वजनिक हुने गरेको छ । गृहमन्त्री लेखकले त्यस प्रकारको अनुचित प्रतिस्पर्धा छोडेर आपसमा मात्रै नभएर विमानस्थलमा कार्यरत अन्य सरकारी संयन्त्रसँग समन्वय गरेर काम गर्नुपर्ने सुझाव दिए ।

अन्तर्राष्ट्रिय विमानस्थल देशको ऐना भएकोले सोही अनुसारको सुधार आवश्यक रहेको पनि मन्त्री लेखकले औंल्याए ।

त्यसअघि अध्यागमनका कर्मचारीहरुले विमानस्थलभित्र सुधारपछि पनि साँघुरो रहेको भन्दै भौतिक संरचना सुधारका लागि आग्रह गरेका थिए । गृहमन्त्री लेखकका साथमा गृहसचिव गोकर्णमणि दुवाडी पनि अध्यागमन निरीक्षणका लागि विमानस्थल पुगेका थिए ।

### निजी...

प्रस्तावित छ । भ्रष्टाचारजन्य कसूर थाहा पाएको मितिले पाँच वर्षभित्र मुद्दा चलाउनुपर्ने हदम्याद सम्बन्धी व्यवस्था भने यसअघि नै हटाउने निर्णय भइसकेको छ ।

गत भदौ १४ गते बसेको बैठकले भ्रष्टाचारमा पाँच वर्षको हदम्याद राख्ने प्रावधान हटाउने निर्णय गरेको थियो । उपसमितिमा भएको समझदारीअनुसार अब निजी क्षेत्रलाई अख्तियारको दायरामा ल्याउने प्रावधान पनि हट्नेछ ।

निजी क्षेत्रले समेत यो विषयमा चासो राख्दै आएका छन् । नेपाल चेम्बर अफ कमर्सले शीर्ष राजनीतिक नेतृत्व र मुख्यसचिव एकनारायण अर्याल समेतलाई भेटेर निजी क्षेत्रलाई अख्तियारको दायरामा ल्याउने प्रस्तावित विधेयकका प्रावधान सच्याउन माग गर्दै आएको छ ।

चेम्बर अध्यक्ष कमलेशकुमार अग्रवाल अर्थतन्त्र शिथिल रहेको अवस्थामा यस्तो प्रावधान राखिए निजी क्षेत्र हतोत्साहित हुने बताउँछन् । निजी क्षेत्रलाई अख्तियारको दायरामा ल्याइए निजी क्षेत्रलाई धप धराशायी बनाउने र लगानी निरुत्साहित हुने उनको बुझाइ छ ।

यही विषयमा चेम्बरले उच्च राजनीतिक र प्रशासनिक नेतृत्वको ध्यानाकर्षण गरेको हो । चेम्बरले विज्ञप्ती निकालेर समेत प्रस्तावित विधेयकको विरोध गर्दै आएको छ ।

'अख्तियार दुरुपयोग अनुसन्धान आयोग तेस्रो संशोधन विधेयक ०७६ मा निजी क्षेत्रको सम्बन्धमा प्रस्तावित मस्यौदाका व्यवस्थाहरूले निजी क्षेत्रका व्यक्ति र कम्पनीलाई आयोगको कार्यक्षेत्रभित्र समेट्न ल्याइएको बुँदा थप गरिएको व्यवस्थाले निजी क्षेत्र हतोत्साहित भएको छ । यसले निजी क्षेत्रको लगानीसमेत निरुत्साहित हुनेछ,' चेम्बरले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

मुलुकको आर्थिक समृद्धिका लागि नीतिगत स्थिरतामा हुनुपर्नेमा निजी क्षेत्रको जोड छ । नीतिगत स्थिरता भए मात्रै मुलुकमा लगानीको वातावरण सिर्जना, उत्पादन वृद्धि र रोजगारी सिर्जना गर्न सकिने उनीहरूको आग्रह छ ।


## Invitation for Bids

**Jhapa Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Taghandubba, Jhapa**

**Date of publication (first notice): 2024/09/26 (2081/06/10)**
**Invitation for Bids No: NCB/JHAPA/JRM/GOODS/01/081-82**

1. Jhapa Rural Municipality has allocated fund to apply part of the funds to cover eligible payments under the Contract for "**Procurement of Supply and Delivery of Spray Tank and Water Pump**" Contract No: NCB/JHAPA/JRM/GOODS/01/081-82. Bidding is open to all eligible Bidders.
2. The **Jhapa Rural Municipality** invites ***electronic*** bids from eligible bidders for the procurement of **"Procurement of Supply and Delivery of Spray Tank and Water Pump"** under National competitive bidding – Single Stage Single Envelope procedures.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***Jhapa Rural Municipality, Taghandubba, Jhapa, Koshi Province, Nepal*** or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: NIC Asia Bank Ltd. Name of Office: Jhapa Rural Municipality
   Office Code no. : 80101325 Office Account no.: 2022050512514014
   Rajaswa (revenue) Shirshak no. :14219
5. Pre-bid meeting shall be held at ***Jhapa Rural Municipality, Taghandubba, Jhapa, Koshi Province, Nepal*** at ***01:00 PM** on **[2024/10/17(2081/07/01)].***
6. Sealed or electronic bids must be submitted to the office ***Jhapa Rural Municipality, Taghandubba, Jhapa, Koshi Province, Nepal*** through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***[12:00PM]*** on [***2024/10/27 (2081/07/11)].*** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***[1:00PM]*** on [***2024/10/27 (2081/07/11)]*** at the office of ***Jhapa Rural Municipality, Taghandubba, Jhapa, Koshi Province, Nepal***. Bids must be valid for a period of ***90 Days*** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs***. 1,05,000.00 (In Words One Lakhs five Thousand Only)***, which shall be valid for **30 days** beyond the validity period of the bid in the following dharauti account:
   **Information to deposit the bid security amount in Bank:**
   Name of the Bank: NIC Asia Bank Ltd. Name of Office: Jhapa Rural Municipality
   Account name. : Dharauti khata Office Account no.: K2CA051251452407
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the **bid** security shall remain the same as specified for the original last date of bid submission.
9. Bidder who chooses to submit their bid electronically download the bidding documents for esubmission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost Nrs. 3000 of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
10. The employer reserves the right to accept, reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# देश हाँक्ने जिम्मेवारी आए सफलतापूर्वक निर्वाह गर्छु : देउवा

**महमद सदाब/मध्यान्ह**
वीरगञ्ज, ९ असोज



नेपाली कांग्रेसका सभापति तथा पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले देश हाँक्ने जिम्मेवारी फेरि कांग्रेसको काँधमा आए आफूले सफलतापूर्वक निर्वाह गर्ने बताएका छन् ।

वीरगञ्ज महानगरपालिका वडा नम्बर २४ मा निर्माण गरिएको आत्माराम ओझा-दुखा सहनी स्मृति भवनमा सञ्चालित पार्टी कार्यालयको समुद्घाटन गर्दै उनले सो कुरा बताएका हुन् ।

देउवाले विगतमा पनि उक्त जिम्मेवारी सफलतापूर्वक निभाएको र आउने दिनमा पनि त्यो अवसर कांग्रेस र आफ्नो काँधमा आए सफलतापूर्वक निभाउने बताए । सभापति देउवाले आर्थिक र राजनीतिक दृष्टिकोणले पर्सा जिल्ला ऐतिहासिक जिल्ला रहेको बताए ।


पर्सा जिल्ला देशकै महत्वपूर्ण जिल्ला भएको भन्दै उनले राणा र पञ्चायतविरुद्ध कांग्रेसले गरेको सशस्त्र संघर्ष पर्साको विरगञ्जबाटै शुरु भएको स्मरण गरे । उनले भने,'देशको अर्थतन्त्र धान्नेमा पनि पर्साकै अहम् योगदान रहेको छ । विगतमा राणा र पञ्चायतविरुद्धको कांग्रेसले गरेको सशस्त्र संघर्षको बिगुलपनि पर्साकै वीरगञ्जबाटै फुकिएको थियो ।'

पर्सामा कांग्रेसका स्वं.आत्माराम ओझा र दुखा सहनीको नाममा पार्टी कार्यालय भवन निर्माण गरिएको हो ।

# नेत्रज्योति संघका अध्यक्ष प्रा.डा. पन्त आईएपीबीको बोर्ड अफ ट्रस्टीमा निर्वाचित

**काठमाडौं/मस-** नेपाल नेत्रज्योति संघका अध्यक्ष प्रा.डा. चेतराज पन्त इन्टरनेशनल एजेन्सी फोर द प्रीभेन्सन अफ ब्लाइन्डनेस (आईएपीबी)को बोर्ड अफ ट्रस्टीमा निर्वाचित भएका छन् । आईएपीबीको बोर्ड अफ ट्रस्टीको अनलाइनमार्फत सम्पन्न मतदानको नतिजा मंगलबार सार्वजनिक गरिएको हो । मतदान प्रक्रियामा आईएपीबीका विश्वभरका २५० भन्दा बढी सदस्य संस्थाहरू सहभागि थिए ।

विश्वभरीका आँखा स्वास्थ्य क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरूको छाता संगठनका रूपमा रहेको आईएपीबीले अन्तरष्ट्रिय रूपमा आँखा स्वास्थ्यको क्षेत्रमा वकालत गर्दै आइरहेको छ । आँखा स्वास्थ्य क्षेत्रमा काम गर्ने अन्तर्राष्ट्रिय परोपकारी संस्थाहरू, आँखा अस्पतालहरू, शैक्षिक संस्थानहरू, व्यावसायिक संघहरू र कर्पोरेट संस्थाहरू समेत आईएपीबीका सदस्य रहेका छन् ।




नेपाल नेत्रज्योति संघ बिगत एक दशकभन्दा लामो समयदेखि आईएपिबिको सदस्य रहँदै आएको छ । संघ नेपालबाट अन्धोपन निवारण गर्ने उद्देश्यले गैर नाफामुलक संस्थाको रूपमा २०३५ साल चैत्र १३ गते स्थापना भइ नेपाली जनताको आँखा स्वास्थ्य सेवामा अग्रणी भूमिका निर्वाह गर्दै आएको सामाजिक संस्था हो ।

संघ नेपालको एक मात्र यस्तो संस्था हो, जसले नेपालका कुल ७७ जिल्लाहरू मध्ये ६७ जिल्लामा आफ्नो स्थायी आँखा उपचार केन्द्रको स्थापना गरिसकेको छ । स्थापनादेखि हालसम्म संघको संजाल मार्फत नेपाली नागरिक तथा अन्य विभिन्न देशका नागरिकहरू गरी कुल ४ करोड ३६ लाख २६ जना आँखाका बिरामीहरूलाई उपचार सेवा प्रवाह गरिसकेको छ भने ५१ लाख ३३ हजार ६५९ जनाको आँखाको शल्यक्रिया भइसकेको छ । हाल संघ अन्तर्गत देशभरमा २८ आँखा अस्पताल, १६० आँखा उपचार केन्द्र तथा ४४ जिल्ला शाखाहरू संचालनमा छन् ।

# 'योजना छनोट र कार्यान्वयनमा देखिएका बेथिति अन्त्य गरिन्छ'

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ९ असोज



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले योजना छनोट र कार्यान्वयनमा देखिएका बेथिति अन्त्य गर्न र योजना माग्न मन्त्रालय नेताको घर जनप्रतिनिधि कहाँ जाने परिपाटीको अन्त्य लुम्बिनी प्रदेश सरकारले गर्ने बताएका छन् ।

जिल्ला समन्वय समिति अर्घखाँचीको सन्धिखर्कमा बुधबारबाट शुरु भएको वार्षिक समीक्षा गोष्ठीको सन्धिखर्कमा उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले तीन तहका सरकारले गर्ने हरेक काम पारदर्शी र जनताले सहजै थाहा पाउने गरी हुनुपर्ने बताए ।

यस्तै उनले विगतमा गरिएका कामको निकै मसिनो गरी समीक्षा गर्दै भावी योजना निर्माणमा जुट्न सबै सरकारी कार्यालयका कर्मचारीलाई आग्रह गरेका हुन् । 'मुलुक बनाउने जिम्मेवारी तीन तहका सरकार र त्यसको नेतृत्व गर्ने जनप्रतिनिधिको भएको बताउँदै यसका लागि तीन तहकै सरकारले आफ्ना योजनालाई परिणाममुखी बनाउन जरुरी रहेको उल्लेख्य गर । कुनै पनि योजनाको विगतको समीक्षा नगरी अर्को योजना बनाउँदा सफलता नमिल्ने भन्दै समीक्षाबाटै निकास खोज्न सबैलाई उनले अनुरोध गरे । चालु आर्थिक वर्षमा विनियोजन भएका बजेटको पूर्ण कार्यान्वयन गर्न आग्रह गर्दै उनले ५ लाख भन्दा माथिका सबै योजना असोज महिनाभित्र टेन्डर निकाली कामलाई द्रुत गतिमा अगाडि लैजान कर्मचारीलाई निर्देशन दिए ।

# बाँकेमा साताव्यापी विविध कार्यक्रमका साथ संविधान तथा राष्ट्रिय दिवस मनाइयो

**नेपालगञ्ज/मस-** बाँकेमा साताव्यापी विविध कार्यक्रमका साथ संविधान तथा राष्ट्रिय दिवस मनाइएको छ । संविधान दिवस तथा राष्ट्रिय दिवसको अवसरमा सरकारी स्तरबाट बाँके जिल्लामा प्रभातफेरी, प्रवचन, समाजसेवीहरुलाई सम्मान, भलिबल प्रतियोगिता, वक्तृत्व कला प्रतियोगिता तथा रक्तदानसहित विविध कार्यक्रमको आयोजना गरिएको थियो भने नागरिक तहबाट पनि विभिन्न कार्यक्रम गरिएको थियो ।



कर्मचारी मिलन केन्द्रका अध्यक्ष गोविन्द प्रसाद पाण्डेका अनुसार असोज ३ गते बिहान जिल्ला प्रशासन कार्यालय बाँकेबाट शुरु भएको पञ्चेबाजासहितको प्रभातफेरी त्रिभुवनचोक, बीपीचोक हुँदै भेरी प्राविधिक शिक्षालयमा पुगेर सभामा परिणत भएको थियो । बाँकेका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालको अध्यक्षता तथा जिल्ला समन्वय समिति बाँकेका प्रमुख ज्ञानेन्द्र कुमार चौधरीको प्रमुख आतिथ्यमा सम्पन्न भएको मूल समारोहमा बाँकेको साहित्य तथा समाज सेवामा उल्लेखनीय योगदान पुऱ्याउने विभिन्न क्षेत्रका ७ जनालाई दोसल्ला, माला र सम्मानपत्रबाट सम्मान गरिएको थियो । सम्मानित हुनेमा बाँकेबाट नेपाली साहित्यमा उल्लेखनीय योगदान गर्दै करिब दुई दर्जन कृति रचना तथा प्रकाशन गरेका नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वसदस्य सचिव सनत रेग्मी, उर्दु साहित्यमा उल्लेखनीय योगदान गर्दै करिब एक दर्जन कृति रचना तथा प्रकाशन गरेका अब्दुल लतिफ शौक, डुडुवा गाउँपालिकामा निर्मित बाल सुधार गृहलाई ८२ कठ्ठा र मानव सेवा आश्रमलाई १० कठ्ठा गरी जम्मा ९२ कठ्ठा जग्गा दान गर्ने दानवीर, समाजसेवी तथा शिक्षाप्रेमी जयकेश सिंह, योगमार्फत बाँके जिल्लावासीको मानव स्वास्थ्यमा उल्लेखनीय योगदान पुऱ्याउने योगगुरु आयुर्वेदाचार्य गिरीराज भट्टराई, १५६ पटक रक्तदान गर्ने बाँकेका उत्कृष्ट रक्तदाता गोपीलाल वैश्य, ७६ पटक रक्तदान गर्ने बाँकेकी महिला रक्तदाता समाजसेवी सरिता ज्ञवाली तथा अन्जली माता रसोईमार्फत भेरी अस्पताल हाताभित्र कोरोना महामारीकालदेखि अस्पतालका बिरामी तथा कुरुवाका लागि ४० रुपैयाँमा सर्वसुलभ भोजनको निरन्तर व्यवस्थापन गर्ने समाजसेवी जितेन्द्र कुमार सिंह रहेका छन् । सम्मान कार्यक्रमको व्यवस्थापन नेपालगञ्ज उपमहानगरपालिका, जिल्ला प्रशासन कार्यालय बाँके तथा कर्मचारी मिलन केन्द्र बाँकेले गरेका थिए भने संयोजन बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी लालबहादुर गुरुङ तथा कर्मचारी मिलन केन्द्र बाँकेका अध्यक्ष गोविन्द प्रसाद पाण्डेले गरेका थिए । कर्मचारी मिलन केन्द्रका अध्यक्ष पाण्डेले सहजीकरण गरेको सो कार्यक्रममा वक्ताहरुले संविधानले कानूनको शासन र लोकतन्त्रको रक्षा गर्ने बताउँदै यसको पालना सबैले गर्नुपर्ने बताए । संविधानलाई समयसापेक्ष बनाउन संशोधन गर्न सकिने बताउँदै उनीहरुले संविधानले समावेशी व्यवस्था अंगिकार गरेकाले राज्यका सबै तह र तप्कामा सबै लिङ्ग, वर्ण, क्षेत्र र समुदायको सहभागिता सम्भव भएको बताए ।

सो कार्यक्रमका विशेष अतिथिमा नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्ट, कोहलपुर नगरपालिकाका प्रमुख पूर्णप्रसाद आचार्य, उच्च अदालत तुलसीपुर इजलास नेपालगञ्जका न्यायाधीश चन्द्र बहादुर सारु रहेका थिए भने जिल्ला समन्वय समितिका उपप्रमुख सीता कार्की, कोहलपुर नगरपालिकाकी उपप्रमुख संगीता सुवेदी, बाँके जिल्ला अदालतका न्यायाधीश भिष्मराज प्रसाईं, जानकी गाउँपालिकाका अध्यक्ष छब्बन खाँ, वैजनाथ गाउँपालिकाका अध्यक्ष प्रकाश शाही, नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ओम बहादुर खड्का, उच्च सरकारी वकिल कार्यालयका सहन्यायाधिवक्ता अशोक रेग्मी, नेपाली कांग्रेसका उपसभापति गोपाल प्रसाद अधिकारी, एमालेका प्रतिनिधि मिनबहादुर मल्ल, नेकपा माओवादी केन्द्रका अध्यक्ष नरेन्द्र पाण्डे (जेम्स), जसपाका प्रतिनिधि बसन्त कनौजिया, नेपाल बार एशोसियसनका पूर्वउपाध्यक्ष वरिष्ठ अधिवक्ता सुनिलकुमार श्रेष्ठ, अन्तर पार्टी महिला संजाल बाँकेका अध्यक्ष ऋचा द्विवेदी, नागरिक समाज बाँकेका अध्यक्ष कृष्णप्रसाद श्रेष्ठ, नेपालगञ्ज उद्योग व्यापार संघका अध्यक्ष टंक धामी, उच्च बारका अध्यक्ष चित्रबहादुर शाही, जिल्ला बारका अध्यक्ष मेयरसिंह खत्री, राजनैतिक दलका नेता तथा कार्यकर्ता, नागरिक समाज, कर्मचारीलगायतको उपस्थिति रहेको थियो । दिवसकै अवसरमा शिक्षा विकास तथा समन्वय इकाइ बाँकेको समन्वय तथा कर्मचारी मिलन केन्द्र बाँकेको आयोजनामा असोज २ गते कर्मचारी मिलन केन्द्र बाँकेको सभा कक्षमा संविधानको आवश्यकता र महत्व शीर्षकमा बाँकेका माध्यमिक विद्यालयस्तरीय छात्र र छात्राहरुबीच अलग-अलग वक्तृव्य कला प्रतियोगिता आयोजना गरिएको थियो । उक्त प्रतियोगितामा विजयी छात्र छात्राहरुलाई नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो । छात्रा समूहमा प्रथम स्थान हासिल गर्ने कोशिका खड्का जनता मा.वि. सन्तकुटी खजुरा, द्वितीय स्थान हासिल गर्ने नविता विष्ट ने.रा. मा.वि. मनकामनापुर खजुरा तथा तृतीय स्थान हासिल गर्ने निशा गुप्ता महेन्द्र मा.वि. मटेहिया नरैनापुर रहेका थिए । छात्र समूहमा प्रथम स्थान हाँसिल गर्ने नवराज पुन लक्ष्मी मा.वि. मुदुई राप्तीसोनारी, द्वितीय स्थान हाँसिल गर्ने बसन्त बुढा दिपज्योति विद्या निकेतन वैजनाथ तथा तृतीय स्थान हासिल गर्ने ऋषिराम तिवारी, महेन्द्र मा.वि.मटेहिया नरैनापुर रहेका थिए दुबै समूहमा प्रथम पुरस्कार पाँच हजार, दोस्रो पुरस्कार तीन हजार तथा तेस्रो पुरस्कार दुई हजार रहेको थियो । वक्तृत्व कला प्रतियोगिताको पुरस्कारमा बीस हजार तथा अन्य सबै आर्थिक व्यवस्थापन कर्मचारी मिलन केन्द्र बाँकेले गरेको थियो ।

सोही अवसरमा नेपालगञ्ज उपमहानगरपालिका, जिल्ला प्रशासन कार्यालय बाँकेको आयोजना तथा खेदकुद विकास समिति बाँकेको प्राविधिक सहयोगमा नेपालगञ्ज रंगशालामा असोज १ र २ गते भलीवल प्रतियोगिता आयोजना गरिएको थियो । उक्त प्रतियोगितामा विजयी भलिबल टिमका टिम लिडर संगठनका प्रमुख तथा खेलाडीहरुलाई पुरस्कार तथा प्रमाण पत्र कार्यक्रमका प्रमुख अतिथि, विशेष अतिथि तथा अध्यक्षले प्रदान गरेका थिए । भलिबल प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने भलिबल संघ बाँके टिमलाई नगद १० हजार रुपैयाँ पुरस्कारसहित प्रमाण पत्र प्रदान गरिएको थियो ।

पुरस्कार वितरण कार्यक्रममा भलिबल संघ बाँकेका अध्यक्ष मनीराम बटला तथा टिम क्याप्टेन र सबै खेलाडीको सहभागिता रहेको थियो । नेपाली सेना बाँके टिमले द्वितीय स्थान हासिल गरेर नगद ७ हजार ५ सय रुपैयाँ पुरस्कारसहित प्रमाण पत्र प्राप्त गरेको थियो । सो कार्यक्रममा नेपाली सेना बज्रदल गण राँझाका गणपती रविन श्रेष्ठ, टिम क्याप्टेन तथा नेपाली सेनाका सबै खेलाडीहरु, बाँकेका प्रहरी उपरीक्षक तुलबहादुर कार्की, टिम क्याप्टेन तथा नेपाल प्रहरीका सबै खेलाडीहरु सहभागिता रहेको थियो । प्रतियोगितामा तृतीय स्थान नेपाल प्रहरी बाँके टिमले प्राप्त गरी नगद ५ हजार रुपैयाँ पुरस्कारसहित प्रमाण पत्र प्राप्त गरेको थियो । प्रतियोगिताको पुरस्कार रकम तथा अन्य सबै अर्थिक व्यवस्थापन नेपालगञ्ज उपमहानगरपालिकाले गरेको थियो । भलिबल प्रतियोगिताको संयोजन बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी जोरासिंह माझीले गरेका थिए । मूल समारोहको व्यवस्थापन नेपालगञ्ज उपमहानगरपालिकाले गरेको थियो भने पञ्चेबाजाको व्यवस्थापन कोहलपुर नगरपालिकाले गरेको थियो ।

यसैगरी नागरिक स्तरबाट पनि यहाँ विभिन्न संघ संस्थाहरु तथा गाउँपालिकाले पनि बेग्लाबेग्लै कार्यक्रमहरुको आयोजना गरी संविधान दिवस मनाएका थिए । बास नेपालले गणेशमान चोकमा नागरिक संवाद कार्यक्रमको आयोजना गरेको थियो । सो कार्यक्रममा बास नेपालका सल्लाहकारहरु किरण आचार्य, पूर्णलाल चुके, रुद्र तिमिल्सेना, हरित अभियन्ता हेमन्त काफ्ले, बासका कार्यकारी निर्देशक नमस्कार शाह, रविन्द्र बोहरा लगायतले संविधानको बारेमा बोलेका थिए ।

त्यस्तै सूचना र मानव अधिकार अनुसन्धान केन्द्र र सार्वजनिक सरोकार कानून व्यवसायी समूह नेपालगञ्जको संयुक्त आयोजनामा संविधान वाचन कार्यक्रम गरिएको थियो । संविधानका बारेमा सेचतना अभिवृद्धिका लागि संविधान वाचन गरिएको कार्यक्रममा विभिन्न व्यक्तिहरुले संविधान वाचन गरेका थिए । नेपालको संविधान २०७२ मा कुल धारा ३०८, भाग ३५, र अनुसूचि ९ सबै वाचन गरिएको संस्थाका अध्यक्ष अधिवक्ता विश्वजित तिवारीले बताए । उनका अनुसार नेपालको सविधान तथा कानून पढ्ने बानी बसाल्न र सबैले संविधानको हरेक धारा तथा दफामा भएको व्यवस्था बारे आम नागरिकलाई सचेतना अभिवृद्धिका लागि संविधान वाचन गरिएको हो ।

सो कार्यक्रममा नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्ट, प्रमुख जिल्ला अधिकारी खगेन्द्र प्रसाद रिजाल, बाँके प्रहरी प्रमुख तुलबहादुर कार्की, उच्च अदालत बारका अध्यक्ष चित्रबहादुर शाही, जिल्ला बारका अध्यक्ष मेहर सिंह, वरिष्ठ अधिवक्ता सुनिल कुमार श्रेष्ठ, अधिवक्ताहरु लोकबहादुर शाह, बसन्त गौतम, बलबहादुर चन्द, मीरा ददेल, भानुभक्त रिजाल, कृषि ज्ञान केन्द्र नेपालगञ्जका सूचना अधिकारी राम प्रकाश यादव, लुम्बिनी प्रदेश मुख्यमन्त्री कार्यालयका लेखा अधिकृत दिनेश सिंहले संविधान वाचन गरेका थिए ।

यसैगरी सामाजिक अभियन्ता कृष्णप्रसाद श्रेष्ठ, शैलेन्द्र वैश्य, हेमन्त काफ्ले, रविन्द्र ज्ञवाली, योग गुरु गिरीराज शर्मा भट्टराई, जानकी गाउँपालिका वडा नं. २ का अध्यक्ष चन्द्रिका प्रसाद गुप्ता, विद्यार्थीहरु जिज्ञासा तिवारी, कृष्ण बढही, अस्मिता खनाल, लक्ष्मी सार्की, घनश्याम शाही, शेरबहादुर चलाउने, झक्क भण्डारी लगायतले संविधानका विभिन्न धाराहरु वाचन गरेका थिए ।

## Bhimphedi Rural Municipality
## Office of Rural Municipal Executive
**Bhimphedi, Makwanpur, Bagmati Province, Nepal**

### Invitation for Electronic Bids for Construction of Gumaune Kisedi Machhebas Road Bhimphedi-1

**Date of publication: 26-09-2024**

1. Bhimphedi Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the Construction of rigid Pavement, drain wall, retaining structure, road widening works and others work mentioned as BOQ. under National Competitive Bidding procedures.
2. Eligible Bidder may obtain further information about Bidding Documents from PPMO e-GP system www.bolpatra.gov.np/epg, shall submit a written application along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee during office hours or online in the following Bank.
➢ Name of the Bank: NIC Asia Bank Ltd, Bhimphedi Branch
➢ Name of Office: Bhimphedi Rural Municipality Office
➢ Internal Revenue (Rajaswa) Account no.: 167CA5750-3077001 (For purchasing Bid Documents Only)
➢ Security Deposit (Dharauti) Account Number: G7CA503072524001 (For Bid Security Only)
3.Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid which shall be valid for 30 days beyond the validity period of the bid.

| S. N. | Description of works | Estimated amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount | Non- refundable fee for Bidding Document | Last date of bid submission |
|---|---|---|---|---|---|
| 1 | Construction of Ghumaune Kisedi Maccheybaas Sadak Bhimphedi -1 (BRMMK/NCB/CGKMSB/02/2081.08) | NRs:1,72,52,522.52 | NRs. 4,60,000.0 | NRs.3000 | 2081/07/11 (27-10-2024 ) 12:00 PM |

4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. Please read, understand and agree to all the conditions mentioned in the document and submit the bid. Otherwise, the decision of the office will be the final decision.
6. In cases other than those mentioned above, the purchase will be in accordance with prevailing laws.

**Chief Administrative Officer**

## Aalital Rural Municipality
## Office of Rural Municipal Executive
**Bhimdattapur, Dadeldhura**
**Sudurpaschim Province, Nepal**

### Notice of Invitation For Online Sealed Quotation

**(Publication Date: 26 Sep 2024) (2081-06-10)**

1. Government of Nepal has allocated funds to cover eligible payment under the contract for Procurement, Supply and Delivery of Health Medicine.
2. Aalital Rural Municipality, Bhimdattapur Dadeldhura invites electronic sealed quotation from Nepalese eligible bidders under Sealed Quotation procedures for the following works:

| S. N. | IFB No. | Description of works | Bid validity period in days/Bid security validity period in days | Bid Security Amount in (NRs.) | Bid Document Fee (Non-Refundable) (NRs.) |
|---|---|---|---|---|---|
| 1. | ATLRM/SQ/Goods/01/2081/2082 | Procurement, Supply And Delivery Of Health Medicine. | 45/75 | 1,00,000.00 | 1,000.00 |
| Deadline for purchase of Bid Document: | | Please visit bolpatra.gov.np/egp | | | |
| Deadline for bid submission: | | 20 Oct 2024 (2081-07-04) up to 12:00 noon. | | | |
| Date, time and place of bid Opening: | | 20 Oct 2024 (2081-07-04) at 13:00 in office time. | | | |
| Information to deposit cost of bid document in bank: | | Name of Bank: Nabil Bank Ltd, Aalital Branch<br>Name of Office:Aalital Rural Municipality, Bhimdattapur,Dadeldhura.<br>Account Number (Aantarik Rajshow Khata) : 06801017500449 | | | |
| Information to deposit bid security in bank: | | Name of Bank: Nabil Bank Ltd , Aalital Branch<br>Name of Office: Aalital Rural Municipality, Bhimdattapur,Dadeldhura.<br>Account Number (Dharauti Khata ) : 06801017500459 | | | |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Expiry date of all medicine should be at least 18 month from delivery date and firm must be WHO, GMP Certified.
5. All the other remaining condition and process will be applicable as stated in PPA 2063, and regulation 2064 and other related law.
6. Office have right to terminate the bid invitation at any time. If any queries contact office or at 9848847423.

**Chief Administrative officer**

मध्यान्ह
www.madhyanhadaily.com
१० असोज २०८१, बिहीबार
26 September 2024, Thursday

## सम्पादकीय

# स–साना उदाहरण

कैलालीको धनगढी उपमहानगरपालिकाले मंगलबार किसानहरूका लागि सूचना जारी गरेको छ । त्यो सूचना वडावडा पुगेर नगर प्रहरीहरूले सम्प्रेषण गरेका थिए । सूचना थियो, काटिसकेका धानहरू तत्काल भित्र्याउनू र नकाटेको भए तत्काल नकाट्नू । जल तथा मौसम विज्ञान विभागले केही दिन भारी वर्षाको संभावना रहेको सूचना जारी गरेपछि धनगढी उपमहानगरपालिकाले किसानहरूलाई यस्तो अनुरोध गरेको हो । झट्ट हेर्दा यो ठूलो काम होइन । तर किसानहरूका निम्ति अर्थपूर्ण सूचना हो । मौसम पूर्वानुमानबारे समाचार नसुनेका किसानहरूले काटिसकेको धान भित्र्याउन र नकाटेका भए केही दिन रोक्न उपमहानगरको सूचनाले सहयोग पुग्ने विश्वास गर्न सकिन्छ । मंगलबार यस्तै अर्को सानो सूचना समाचार बनेर सञ्चार माध्यमहरूमा आयो । बाँके राप्ती सोनारी गाउँपालिका–६ का किसानहरूले यो दशैंमा २५० खसीबोका बेच्दैछन् । नयाँ सिर्जनशील सामाजिक उद्यमी महिला सहकारी मार्फत् यहाँका महिलाहरूले खसीबोका तयार पारेका हुन् ।

कैलाली र बाँकेका यी दुई काम जस्तै पर्वतको महाशिला गाउँपालिकामा पनि अनुकरणीय अभ्यास भइरहेको छ । यो पालिकाले गाउँ बस्नेगरी फर्केर आउनेहरूलाई विशेष राहतको व्यवस्था गरिरहेको छ । कसैले गाउँमै फर्केर बस्ने योजना बनाए पालिका एक लाख रूपैयाँ अनुदान र ६ महिना पुग्ने खाद्यन्न दिदै आएको छ । धनगढी उपमहानगर पालिकाले तत्कालीन संकट समाधानका निम्ति माइकिङ गरेको थियो भने बाँकी सोनारीमा महिलाहरूले आत्मनिर्भर बन्न सानै भएपनि संगठित व्यवसाय गरेका थिए । पर्वतको महाशिलामा भने अवसरको खोजीमा गाउँ छोड्ने प्रवृत्ति रोक्न विशेष प्याकेज ल्याउन खोजेको देखिन्छ । किनकि गाउँबाट शहर र शहरबाट देश छोड्ने प्रवृत्ति पर्वतमा मात्र छैन । यो समस्या सिंगो पहाडी क्षेत्र र देशकै हो । त्यसैले महाशिला गाउँपालिकाको सानै काम पनि अर्थपूर्ण छ ।

अनि यी तीन पालिकाको उदाहरण मार्फत् आम समस्या समाधानको मार्ग प्रशस्त गर्न सकिन्छ । झट्ट हेर्दा मात्र यही कामहरू साना हुन् । संभावित खतराबाट नागरिकलाई सचेत गराउने, आत्मनिर्भर भएर बाँच्ने अनि बदलिदो जनसांख्यिक संरचनालाई रोक्ने यी तीन उदाहरण सिंगो मुलुककै समस्या समाधान हो । यस्ता कामहरू मार्फत् नागरिकमा सरकारको अनुभूति गराउन सकिन्छ । विशेषगरी स्थानीय सरकारले जनताको पक्षमा काम गरिरहेको अनुभूति दिलाउनु आज मुलुककै आवश्यकता हो । यस्ता सानै प्रयत्नबाट नागरिकमा राजनीतिप्रति बढिरहेको बितृष्णा रोक्न सकिन्छ । नागरिकलाई आत्मनिर्भर र समृद्धि बनाउन सकिन्छ । अर्थात् मुलुक बनाउने ठूला कुराले मात्र परिवर्तन हुँदैन । हेर्दा सानो लाग्ने प्रयत्नहरूबाटै नागरिकको जीवन परिवर्तन गराउन सकिन्छ ।

# विश्वासको संकटमा सहकारी

*सहकारीको विकास र विस्तारका क्रममा देखिएका अनेकौँ कथा र व्यथाको विश्लेषणबाट आएको निष्कर्षको आधारमा समयानुकूल ऐन, नियम तथा नीतिहरू तर्जुमाको खाँचो खट्किएको टड्कारो देखिन्छ ।*

अग्रलेख



● बाबुकाजी कार्की

विश्वासको संकटका कारण सहकारीहरू धराशायी बन्दै गएका छन् । व्यवस्थापन र नियमनको अस्तव्यस्तताले सहकारी डुबेका समाचार दिन प्रति दिन बढ्दै छ । सहकारी व्यवस्थापन तथा सञ्चालनमा सुशासन कायम गर्न चुनौती बन्दै गएको छ । अधिकांश सहकारीमा सञ्चालक समितिको चयन, कर्मचारीको नियुक्ति, आम्दानी खर्चको पारदर्शिता आदि समस्यामूलक छ भन्ने गुनासाहरूमा सत्यता देखिन्छ । शेयर सदस्यहरूको सदाशयता र विश्वासको गलत फाइदा उठाउँदै कतिपय केही धूर्त व्यक्तिहरूले सञ्चालकलगायतका समितिहरूमा परिवारका सदस्य वा नजिकका व्यक्तिहरू राखेर मनलागि गर्ने क्रम बढेको पाइन्छ । पदाधिकारी चयन, अडिटको प्रमाणीकरण आदी रकमी सिन्डिकेटको आधारमा अपारदर्शी साधारण सभाबाट कागजी प्रक्रिया पूरा गरी टाठा बाठाहरूको हैकम कायम राख्ने प्रवृत्ति मौलाउँदै गएको छ । सहकारीमा खर्चका विवरणहरू वास्तविकताभन्दा पनि बिल भरपाई दुरुस्त राखी व्यक्तिगत लाभ लिने दुराशयका कारण सहकारीको सिद्धान्त र मर्ममाथि नै प्रश्न खडा गरिदिएको छ । कमिसनमा कमाउने र चाकडीमा रमाउने प्रवृत्ति कतिपय सञ्चालकहरूको नियत रहेको छ । सहकारीका केही लोभ पापी सञ्चालकहरू जागिरे पनि भै आफ्नो सेवा सुविधा बढाउने जस्ता निन्दनीय र हास्यास्पद निर्णय गरेका घटनाहरू सामान्य बन्दै गएका छन् । सहकारी सञ्चालनमा विधि र प्रक्रिया सम्मत पारदर्शी कार्यशैलीभन्दा पनि सामन्ती सोच र स्वार्थबाट प्रदूषित हुँदै जानु भविष्यको लागि शुभ संकेत होइन । सहकारीमा देखिएका बेथिति नियमन गर्दै सुशासन कायम गर्न सम्बन्धित निकाय बेलैमा चनाखो नहुने हो भने बेथिति झन् मौलाउने निश्चित छ । स्वैच्छिक तथा खुला सदस्यता, सदस्यहरूद्वारा लोकतान्त्रिक नियन्त्रण, आर्थिक सहभागिता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारीबिच पारस्परिक सहयोग तथा समुदाय र वातावरण प्रति सहकारीका आधारभूत सिद्धान्त हुन । सहकारीको जन्म गरिबी, असमानता, भेदभावकै विरुद्धमा भएको हो । सहकारी क्षेत्रमा देखिएका र भोगिएका केही अनुभवहरू प्रस्तुत लेखमा संक्षिप्त रूपमा प्रकाश पार्ने प्रयास गरिएको छ ।

समुदायमा छरिएर रहेको निष्क्रिय पुँजीलाई एकीकृत गरी उत्पादनमूलक कार्यमा परिचालन गर्नु सहकारीको धर्म हो । ग्रामीण तथा सहरी क्षेत्रमा सहकारीले व्यक्ति र सानातिना संघसंस्थाहरूलाई आफ्नो योग्यता, क्षमता र औकातअनुसार उन्नतिको लागि छरिएर बसेको पुँजी लगानी गर्न सहकारीले प्रोत्साहित गर्नुपर्दछ । पिछडिएका र सीमान्तकृत विपन्न वर्गका समुदायमा भएको परम्परागत सीपलाई परिमार्जन र परिष्कृत गर्दै स्वरोजगार बन्ने चेतना, अवसर र उत्साह प्रदान गर्ने काममा सहकारीले अग्रणी भूमिका निर्वाह गर्न चुक्न हुन्न । सहकारीको विकास र विस्तारका क्रममा देखिएका अनेकौं कथा र व्यथाको विश्लेषणबाट आएको निष्कर्षको आधारमा समयानुकूल ऐन नियम तथा नीतिहरू तर्जुमाको खाँचो खट्किएको टड्कारो देखिन्छ ।

नेपालमा पछिल्लो समयमा सहकारीको संख्यात्मक वृद्धि तीव्र गतिमा भएको पाइन्छ । नेपालमा पहिलो सहकारी ऐन, २०४८ बन्दा आठ सय ३३ मात्र सहकारी भएकोमा हाल ३५ हजार २३९ सहकारीमा ८७ लाख ४९हजार १३२ भन्दा बढी मानिसहरू शेयरधनिका रूपमा सङ्गठित भएका छन् । विगत तीन वर्षमा चार हजार ६४४ सहकारी घटेका छन् । सहकारी संघीय सरकारअन्तर्गत १२५, प्रदेश सरकार अन्तर्गत छ हजार २०० र स्थानीय सरकार अन्तर्गत २३ हजार ७५९ रहेका छन् । हाल सञ्चालित सहकारीमध्ये २० विषयगत केन्द्रीय संघ, एक राष्ट्रिय सहकारी बैंक, एक राष्ट्रिय सहकारी महासंघ र २४१ विषयगत जिल्ला सहकारी संघ क्रियाशील छन् । सहकारीमा लगभग ५६ प्रतिशत महिला सदस्य रहेका छन् । सहकारी संघसंस्थाले मुलुकभर ८८ हजार ३०९ जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरेको छ । अहिले सहकारीको कारोबार १० खर्ब र ९४ अर्ब १० करोड सेयर पुँजी तथा छ खर्ब ९४ अर्ब २५ करोड ७० लाख बचत सङ्कलन गरी २० लाख ९८ हजार ७२७ जना ऋणीलाई आठ खर्ब चार अर्ब १९ करोड ६० लाख लगानी गरेको छ । विधि प्रक्रिया नपुर्‍याइकन हचुवाको भरमा अस्वभाविक ऋण प्रवाहका कारण सहकारी सञ्चालक भाग्ने र डुब्ने क्रम बढ्दो छ ।

सञ्चालकहरूको स्वेच्छाचारिताले सहकारीका समस्याहरू जटिल बनेका हुन । सहकारी समस्या जटिल बन्दै जानुका कारण विभिन्न हुन सक्छन् । सहकारीमा बचत कुन माध्यमबाट कति भयो ? लगानी कहाँ–कहाँ भयो ? ऋणी सहकारीको सदस्य हो/होइन ? लगानीले खाम्ने गरी धितो राखियो कि राखिएन ? ऋणीको आर्थिक आम्दानीको दिगो स्रोत छ कि छैन् ? ऋण सदुपयोग भयो कि भएन ? आदि प्रश्नहरूको गहिरो विश्लेषण नगरीकन हचुवा र स्वार्थपूर्ण लगानीको कारण अधिकांश सहकारी डुबेका छन् । सरकारी संयन्त्रको फितलो अनुगमन र जिम्मेवारी पन्छाउने प्रवृत्तिले पनि बेथिति मौलाएको हो ।




*सहकारीको परिभाषा र सिद्धान्तसमेतलाई अपव्याख्या गर्ने यस्ता विकृत गतिविधिलाई निरूत्साहित र व्यवस्थित गर्न नयाँ सहकारी ऐन नियमको प्रभावकारी कार्यान्वयन अपरिहार्य भैसकेको छ । मौजुदा सहकारी ऐनमा केही सकारात्मक व्यवस्था भए पनि अझ धेरै सच्याउनुपर्ने विषयहरू छुटेको महसुस हुन्छ । सहकारीमा सर्वसाधारणको सहज र स्वःस्फूर्त सहभागितालाई नियमनका नाममा संकुचित बनाउने प्रयास गरेको पाइन्छ ।*

राज्यले अङ्गीकार गरेको सार्वजनिक, निजी र सहकारी संस्थाको त्रिकोणात्मक सहकार्यबाट देशको समृद्धि हुने वास्तविकता हो । नेपालको संविधानले सङ्कल्प गरेको आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण र व्यवस्थित गर्न सफल र सबल सहकारीले अर्थपूर्ण योगदान पुर्‍याउन सक्छ । सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामार्फत उपलब्ध साधन स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण र राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर बनाउने संविधानको राज्यका निर्देशक सिद्धान्तभित्र पर्दछ । आर्थिक समृद्धि र आत्मनिर्भर अर्थ व्यवस्थाको लागि आवश्यक नीति–नियमको व्यवस्था र कार्यान्वयन गर्ने अभिभारा सरकारको भए तापनि अन्य सरोकार पक्षको सक्रिय सहभागिताको पनि उत्तिकै महत्व रहन्छ ।

सहकारीको परिभाषा र सिद्धान्तसमेतलाई अपव्याख्या गर्ने यस्ता विकृत गतिविधिलाई निरुत्साहित र व्यवस्थित गर्न नयाँ सहकारी ऐन नियमको प्रभावकारी कार्यान्वयन अपरिहार्य भैसकेको छ । मौजुदा सहकारी ऐनमा केही सकारात्मक व्यवस्था भए पनि अझ धेरै सच्याउनुपर्ने विषयहरू छुटेको महसुस हुन्छ । सहकारीमा सर्वसाधारणको सहज र स्व स्फूर्त सहभागितालाई नियमनका नाममा संकुचित बनाउने प्रयास गरेको पाइन्छ । दण्ड र सजायभन्दा पनि प्रजातान्त्रिक प्रक्रिया र नैतिक बन्धनलाई समेत प्रोत्साहित गर्ने खालको नीतिबाट मात्र विकृतिहरूको दिगो नियमन हुन सक्छ । नेपालका कतिपय नियम कानुन राम्रा भएता पनि कार्यान्वयन फितलो हुनाले कागजमा नै सीमित भएका छन् । अन्तर्राष्ट्रिय सहकारी महासंघले प्रतिपादन गरेका सहकारी सिद्धान्त र मान्यतालाई समेत मध्यनजर राखेर सहकारी सञ्चालन हुनुपर्दछ । अभियन्ताहरूसँगको घनिभूत छलफल बिना ल्याइने सहकारी ऐन–नियमहरू प्रभावकारी हुन सक्दैनन् । सहकारीका सबल र दुर्बल पक्षहरू केलाएर समसामयिक सुधार तथा अनियमित गर्नेलाई दण्ड र राम्रोलाई पुरस्कृत गर्नको लागि अनुगमन निरीक्षण गर्ने परिपाटी प्रभावकारी हुन सकेको छैन । सहकारीमा हुने आर्थिक अनियमिततालाई निरुत्साहित गर्दै पारदर्शी बनाउन आम्दानी र खर्चको अनिवार्य सामाजिक लेखा परीक्षण गर्ने प्रावधानले आर्थिक अनुशासन कायम गर्न कोसेढुंगा हुन सक्छ ।

